# सन्धिखर्क नगरपालिका कार्यालय

सन्धिखर्क, अर्घाखाची

## आ.व. २०७२/०७३ को
## अन्तिम लेखापरीक्षण प्रतिवेदन

जे.जी.एण्ड कम्पनी
रजिष्टर्ड अडिटर्स
काठमाडौं
फोन नं. ०१-४९९३५००

**J.G.& Co.**
Registered Auditors
Firm Reg. No. 2134
PAN 301551825

Pepsicola, Soltimod
Kathmandu-35, Nepal
Tel: 01-4993500
Mobile: 9741085600

मिति : २०७३।०५।२७

श्रीमान् प्रमुख तथा कार्यकारी अधिकृत ज्यू,
सन्धिखर्क नगरपालिका कार्यालय,
सन्धिखर्क, अर्घाखाची ।

## आ.ब.२०७२/०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदन ।

हामीले सन्धिखर्क नगरपालिका कार्यालयको २०७३ आषाढ मसान्तको आर्थिक विवरण र उक्त मितिमा समाप्त भएको आर्थिक बर्षको संलग्न आय व्यय हिसाब विवरणको लेखापरीक्षण गरेका छौ । उपरोक्त आर्थिक विवरणहरुको परीक्षण लेखापरीक्षणको साधारणतया स्वीकृत सिद्धान्तहरु अनुसार गरिएको छ । लेखापरीक्षणका साधारणतया स्वीकृत सिद्धान्त अनुसार आर्थिक विवरणहरुमा उल्लेखनीय भ्रमात्मक विवरण छ/छैन निश्चत गर्न उचित योजना बनाइ लेखापरीक्षण कार्य गरिन्छ । लेखापरीक्षण अन्तर्गत लेखा तथा सम्वन्धित कागजातहरुको छड्के जांचका साथै आर्थिक बिवरणहरुमा खुलाइएका तथ्य, अपनाइएका लेखा नीतिहरु, व्यवस्थापन द्वारा अनुमान गरिएका सम्पत्ति तथा दायित्वको प्रमाणीकरण एवं आर्थिक बिवरणहरुको प्रस्तुतिकरणको आंकलन गरिन्छ ।

लेखा, आन्तरिक नियन्त्रण तथा आर्थिक प्रतिवेदन सम्वन्धि प्रणाली तथा ढाचांको विकास तथा कार्यान्वयन नगरपालिका कार्यालयको व्यवस्थापनको उत्तरदायित्व हो । हाम्रो कार्य नगरपालिका कार्यालयले राखी देखाएको श्रेस्ता एवं कागजातहरुको माथि उल्लेख गरिए बमोजिम लेखापरीक्षणको सामान्यतया स्वीकृत सिध्दान्त अनुरुप लेखापरीक्षण गरी प्रस्तुत आर्थिक विवरण उपर विचार व्यक्त गर्नु हो ।

माथि उल्लेख गरिए अनुसारका आर्थिक विवरणहरु तथा लेखाको परीक्षण पश्चात निम्न बमोजिमको प्रतिवेदन प्रस्तुत छ ।

हामीले जाने बुझे सम्म तथा हामीलाइ उपलब्ध गराइएका सूचनाका आधारमा, हाम्रो रायमा

१. लेखापरीक्षणको लागि हाम्रो जानकारी तथा विश्वास अनुसार आवश्यक सूचना एवं स्पष्टिकरण प्राप्त भयो ।
२. पेश भएको आर्थिक विवरण तथा आय व्यय हिसाब सन्धिखर्क नगरपालिका कार्यालयले राखेको श्रेस्ता संग दुरुस्त रहेको छ ।
३. सन्धिखर्क नगरपालिका कार्यालयको हिसाब किताब एवं श्रेस्ता नेपाल सरकारको श्रेस्ता बमोजिम राखिएका छन् ।
४. संलग्न आर्थिक बिवरणले सन्धिखर्क नगरपालिकाको २०७३ आषाढ मसान्तको यथार्थ आर्थिक अवस्थाको एवं संलग्न आय व्यय हिसाबले सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको क्रमश:आम्दानी खर्चको समुचित चित्रण गर्दछ ।

(जनार्दन प्रसाद उपाध्याय घिमिरे)
जे.जी. एण्ड कम्पनी
रजिस्टर्ड अडिटर्स

J.G. & COMPANY
KATHMANDU
REGISTERED AUDITORS

सन्धिखर्क नगरपालिका कार्यालय
लेखापरीक्षणको अन्तिम प्रतिवेदन
आ.ब. २०७२/०७३

सन्धिखर्क नगरपालिकाबाट आ.ब. २०७२/०७३ को अन्तिम लेखापरीक्षण कार्यको लागि लेखापरीक्षकमा नियुक्त भए पश्चात लेखापरीक्षण कार्य सम्पन्न गरि प्रारम्भिक प्रतिवेदन पेश गरेकोमा सो उपर नगरपालिकाको प्रष्टाइ एवं जवाफ पश्चात अन्तिम प्रतिवेदन पेश गरिएको छ । लेखापरीक्षणको अन्तिम प्रतिवेदनमा निम्न टिप्पणी रहेको छ ।

## १. लेखा प्रणाली

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ मा नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित भइ राख्नु पर्नेछ भनि उल्लेख भएकोमा सन्धिखर्क नगरपालिकाले दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्त अनुसार गोश्वारा भौचर लेख्ने गरेको र सो गोश्वारा भौचरलाई सफ्टवेयर सहितको कम्प्युटरमा प्रविष्टि गर्ने गरेको देखिन्छ ।

## २. आय-व्यय विवरण

यस नगरपालिकाले शिर्षकगत हिसाबले सबै खाताहरुको आय व्ययको विवरण छुट्टा छुट्टै राखि सो को आधारमा आय व्ययको साथै आर्थिक विवरण तयार गर्ने गरेको देखिन्छ । आयको हकमा नगरपालिका कार्यालयबाट र वडा कार्यालयहरुबाट संकलन भएको राजश्व नगरपालिका कार्यालयमा आम्दानी बाध्ने गरेको देखिन्छ भने खर्चको हकमा नगरपालिका कार्यालय बाट मात्र हुने गरेको देखिन्छ ।

## ३. आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३७ मा आन्तरिक लेखापरीक्षण शाखाको काम, कर्तव्य र अधिकार सम्बन्धि ब्यवस्था छ । उक्त नियममा ब्यवस्था गरिए अनुसार यस नगरपालिकामा आन्तरिक लेखापरीक्षण शाखा नै गठन भइसकेको देखिदैन भने सो शाखाको काम, कर्तव्य र अधिकारको कुरै भएन । आन्तरिक लेखापरीक्षण शाखा नै आन्तरिक नियन्त्रण प्रणालीको केन्द्रबिन्दु रहेकोले यसको प्रभावकारी काम, कर्तब्य र कार्यान्वयनले नगरपालिकाको प्रभावकारीता बढाउँछ । अतः आन्तरिक नियन्त्रणको लागि प्रभावकारी हुने किसिमले कदम चाल्नु पर्ने देखिन्छ ।

## ४. प्रशासनिक खर्चको सीमा

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ३४ अनुसार नगरपालिकाले स्वीकृत बजेटको परिधि भित्र रहि ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर, भाडाबाट उठाएको कूल रकमको परिमाण अनुसार प्रशासनिक खर्च गर्न पाउने सीमा तोकेको छ । यस नगरपालिकाले यस आर्थिक बर्षमा रकम रु. ७९,३४,१८६। आन्तरीक आम्दानी गरे अनुसार ३० प्रतिशत सम्म मात्र

J.G. & COMPANY
KATHMANDU
REGISTERED AUDITORS

प्रशासनिक खर्च गर्न पाउने व्यबस्थालाई पालना गर्ने तर्फ बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।

## ५. पेश्की

यस नगरपालिकामा साबिक गांउ विकास समितिहरु हुदाको गतविगत देखिको बिभिन्न व्यक्ति तथा संस्थाहरुले बिभिन्न कामको लागि भनि लिएको पेश्की हाल सम्म पनि फछर्यौट भएको नभइएकोले फछर्यौट गर्ने तर्फ तदारुकता देखाउनुपर्ने देखिन्छ ।

तपसिल

साबिक सन्धिखर्क गा.वि.स

१ सूर्योदय महिला समुह रु १०००००।००

२ पिताम्बर रायमाझी रु ४००००।००

३ रामचन्द्र बन्जाडे रु ३५०००।००

४ जमरदिन मिया रु २५०००।

५ धर्मराज भुसाल रु १०००००।

साबिक नरपानी गा.वि.स.

१ मोहन विक्रम केसी रु ६००००।

२ पिताम्बर खासु रु ८००००।

३ प्रदिप कुमार थापा रु २९००००।

त्यस्तै किसिमले आ.ब. २०७२/०७३ मा मालपोत कार्यालय अर्घाखाचीको नाममा राजश्व बाँडफाँड शिर्षकमा रु २,००,०००। पेश्कि बाकी देखिन्छ ।

## ६. धरौटी

यस नगरपालिकामा श्रेस्ता अनुसार धरौटी रकम रु. १६,६५,०९६। देखिएको भएता पनि आषाढ मसान्तमा बैकमा रकम रु. ३,९०,५४७ मात्र मौज्दात देखिएकोमा फरक परेको रकम रु १२,७४,५४९। आषाढ मसान्त पछि बैकमा दाखिला भएको देखिन्छ ।

J.G. & COMPANY KATHMANDU REGISTERED AUDITORS

## ७. जिन्सी

स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ७० को उपनियम (१) मा जिन्सी सामान खरीद गर्दा खरीद प्रकृति अनुसार आपुर्तिकर्ताको छुट्टाछुट्टै मौजुदा सूची ( Standing List ) तयार गरि नगरपालिकाले सामान खरीद पश्चात खर्च भएर जाने र नजाने बर्गिकरण गरी जिन्सी खातामा दाखिला गरेको पाइयो । साविक गाविसबाट सरी आएका जिन्सी विवरण प्रतिबेदनमा सम्लग्न गरीएको छैन ।

## ८. श्रोत परिचालन तथा वित्तिय ब्यबस्थापन

सन्धिखर्क नगरपालिकाले आन्तरिक श्रोतमा वृद्धि गर्नको लागि नगरपालिका क्षेत्र भित्रका सम्भावित श्रोतहरुको खोजी गर्नुपर्ने देखिन्छ भने संचालन खर्चमा मितव्ययिता अपनाइ वित्तिय व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ ।

## ९. मुल कोष खाता

यस नगरपालिका कार्यालयको तपशिल बमोजिमका मूल कोष खाताहरु संचालनमा रहेको देखिन्छ ।

१ ३००२ न ४ १ चालु अनुदान खाता

२ ३००१ न ४ २ पुजिगत मुल कोष खाता

३ ३००१ न ४ ३ आन्तरीक आय खाता

४ ३०४१३ न ४ ४ राजश्व बाडफाड खाता

## १०. आन्तरिक श्रोत (चालु)

न.पा. अनुदान पुजिगत बाट भुक्तानी हुनुपर्ने किमडाडा सामुदायिक केन्द्रको रकम रु १४९४१। आन्तरीक चालु खर्च खाता बाट भुक्तानी हुन गएकोमा पछि सो को हिसाव मिलान गर्ने क्रममा पुंजीगत खर्च खाता बाट सो बराबरको रकम बजेट खर्चमा घटाई चालु खर्च खातामा समावेश गरीएको भुक्तानी कट्टा भएको कर रकम सो अबधिमा पुजिगत बाटै दाखिला भइसकेको देखिन्छ ।

J.G. & COMPANY
KATHMANDU
REGISTERED AUDITORS

## ११ .नगरपालिका अनुदान (चालु )

नगरपालिका अनुदान चालु खर्च तर्फ नेपाल सरकारबाट रकम रु ४६,००,०००। प्राप्त भई निकासा आएकोमा सो बराबरको सम्पुर्ण रकम खर्च भएको देखिन्छ।

## १२. नगरपालिका अनुदान (पुजीगत)

१२.१ प्रतिवेदनमा संलग्न आय व्यय विवरणमा नगरपालिका अनुदान निशर्त पुजिगत तर्फ रकम रु २४०२७०००। खर्च देखाएकोमा बैक नगदी किताब अनुसार रकम रु २,७४,२७,०००। खर्च देखिन्छ। त्यस्तै किसिमले नगरपालिका अनुदान सशर्त पुजिगत तर्फ रकम रु १,८१,००,०००। खर्च देखाएकोमा बैंक नगदी किताव अनुसार रकम रु १,४७,००,०००। खर्च देखिन्छ। नगरपालिका अनुदान सशर्त तर्फको रु ३४,००,०००। निशर्त तर्फबाट खर्च राखिन गएकोले दुबै तर्फ रकम रु ३४,००,०००। बराबरले रकम फरक पर्न गएको देखिन्छ।

१२.२ नगरपालिका अनुदान पुजिगत सशर्त अन्तर्गतको भबन निमाणको रकम रु ४७,००,०००। र सौर्य सोलार बत्ति जडानको रकम रु ३४,००,०००। समेत गरी जम्मा रकम रु ८१,००,०००। खर्च देखाइएको भएतापनी सो रकम भुक्तानी भई नसकेकोले मर्मत संभार कोष खातामा रहेको देखिन्छ।

## १३. राजस्व बाडफाड

मिति २०७३।०३।३१ को गो.भौ.नं.४३ बाट मालपोत कार्यालय अर्घाखाचीको नाममा रंगरोगन गर्न भनी रकम रु २,००,०००। पेश्की गएको देखिएकोले पेश्कि फछ्यौंट गर्ने तर्फ कार्यालयले विशेष ध्यान दिनुपर्ने देखिन्छ।

## १४. सडक बोर्ड तर्फको

सडक बोर्ड तर्फ वार्षिक बजेट रु ४५,००,०००। भएको भएता पनी रु ३,६०,०००। मात्र निकासा आएकोले सोहि बराबरको रकम मात्र खर्च भएको देखिन्छ।

## १५. स्थानिय स्वायत शासन तथा सामुदायीक बिकास कार्यकम (चालु)

स्थानिय स्वायत शासन तथा सामुदायीक विकास कार्यक्रम चालु तर्फ रु ३०,८९,०००। निकासा आएकोमा रु २९,२१,०००। खर्च भई बाकी रहेको रकम रु १,६८,०००। निकासा फिर्ता भएको देखिन्छ।

J.G. & COMPANY
KATHMANDU
REGISTERED AUDITORS